मिति २०७९ साल पौष १७ गते दिउँसो १.०० बजे बस्ने गरी आव्हान भएको कानेपोखरी गाउँपालिकाको तेह्रौं गाउँ सभा अधिवेशनको पहिलो बैठकको निर्णय

मिति २०७९ साल पौष १७ गते दिउँसो १.०० बजे कानेपोखरी गाउँपालिकाको सभाहलमा बस्ने गरी आव्हान भएको कानेपोखरी गाउँपालिकाको तेह्रौं (१३) गाउँ सभा अधिवेशनको पहिलो बैठकमा जम्मा छ (६) वटा प्रस्ताव/कार्यसूचीहरु समाविष्ट थिए। प्रदेश नं. १ को प्रदेश सभाद्वारा पारित **गाउँ सभा र नगर सभा सञ्चालन कार्यविधि ऐन, २०७५** मा व्यवस्था भएको प्रावधान बमोजिम गाउँ सभा अधिवेशन सञ्चालन भएको थियो। कानेपोखरी गाउँपालिकाको गाउँ सभाको तेह्रौं अधिवेशनको पहिलो बैठक भएको हुँदा उक्त अधिवेशन आव्हानको औचित्य माथि सभाध्यक्ष श्री राजमती इङ्गनामज्यूले देहायमा उल्लिखित मन्तव्य मार्फत् प्रष्टयाउनु भएको थियो।

<u>सभाध्यक्ष श्री राजमती इङ्गनामज्यूले सभा समक्ष प्रस्तुत गर्नु भएको मन्तव्यः</u>

गरिमामय कानेपोखरी गाउँपालिकाको १३ औं गाउँ सभाका उपाध्यक्षज्यू,

सबै वडाका वडा अध्यक्षज्यूहरु,

गाउँ कार्यपालिकाका सदस्यज्यूहरु

गाउँ सभाका सदस्यज्यूहरु,

गाउ सभाका सचिव एवम् प्रमुख प्रशासकीय अधिकृतज्यू,

उपस्थित कर्मचारी मित्रहरु।

मिति २०७९ साल बैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचन मार्फत् गठन भएको कानेपोखरी गाउँपालिकाको नव निर्वाचित गाउँ सभाको दोस्रो एवम् नेपालको संविधान बमोजिम गठित कानेपोखरी गाउँपालिकाको तेह्रौं गाउँ सभाको बैठकमा उपस्थित हुनु भएकोमा सम्पूर्ण महानुभावहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु।

प्रदेश नं. १ को प्रदेश सभाद्वारा पारित **गाउँ सभा र नगर सभा सञ्चालन कार्यविधि ऐन, २०७५** बमोजिम आज मिति २०७९ साल पौष १७ गते दिउँसो १.०० बजे कानेपोखरी गाउँपालिकाको तेह्रौं गाउँ सभा अधिवेशनको पहिलो बैठक बस्ने गरी मिति २०७९ साल पौष १० गतेका दिनमै कानेपोखरी गाउँपालिकाको तेह्रौं गाउँ सभा अधिवेशनको आव्हान गरिएको हो। यो अधिवेशनको आव्हानमा कार्यपालिका समेतको परामर्श लिइएको छ।

प्रत्येक स्थानीय तहको अन्तिम लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयवाट हुने भनी नेपालको संविधानमा व्यवस्था गरिएको छ। गाउँपालिकाको स्थापना भए पश्चात् नेपालको संविधान बमोजिम गठित महालेखापरीक्षकको कार्यालयवाट यस अघिका पाँच आर्थिक वर्षहरुको अन्तिम लेखापरीक्षण गरी सकेको छ। उक्त लेखापरीक्षण प्रतिवेदनहरुले गाउँपालिकाबाट सञ्चालन भएका विकास निर्माण र सेवा प्रवाहसँग सम्बन्धित आय र व्ययका विषयमा धेरै विषयहरु औंल्याएको छ। यसरी अन्तिम लेखापरीक्षण **कानेपोखरी गाउँपालिकाको १३ औं गाउँ सभा अधिवेशनको पहिलो बैठक (२०७९।०९।१७) को निर्णय प्रमाणित गरेकी छु।**

(राजमती इङ्गनाम)
सभाध्यक्ष एवम् गाउँपालिका अध्यक्ष

मिति २०७९ साल पौष १७ गते दिउँसो १.०० बजे बस्ने गरी आव्हान भएको कानेपोखरी गाउँपालिकाको तेह्रौं गाउँ सभा अधिवेशनको पहिलो बैठकको निर्णय

प्रतिवेदनबाट औंल्याइएका विषयहरुको सम्बोधन गर्नु हामी सबै जनप्रतिनिधि, कर्मचारी लगायत सरोकारवाला सबैको कर्तव्य हो। विगतका दिनमा अन्तिम लेखापरीक्षण प्रतिवेदनले औंल्याएका विषयहरुको केही हदसम्म कार्यान्वयनमा लगिदैं आइएको पनि छ। तर, त्यो पूर्ण भने छैन। गाउँपालिका प्रति आम स्थानीयबासीको विश्वसनीयता अभिवृद्धि गर्न वित्तीय सुशासन महत्वपूर्ण विषय हो। यही विषयलाई लक्षित गरेर महालेखापरीक्षकको कार्यालयले हाम्रो गाउँपालिकालाई सुझावहरु दिएको छ। अन्तिम लेखापरीक्षण प्रतिवेदनले विगतमा दिइएका सुझावहरु कार्यान्वयन नगर्दा सोही प्रकृतिका विषयहरु पटक/पटक उठ्दै आएको पाइएको छ। जसका कारण **निर्वाचित र नियुक्त** हामी सबै जनप्रतिनिधि र कर्मचारीप्रति आम स्थानीयबासीले हेर्ने दृष्टिकोण नै नकारात्मक हो कि जस्तो लाग्न थालेको छ। कानूनी राज्यमा कानूनको पालना गर्नु हामी सबैको कर्तव्य हो। जनताका आधारभूत आवश्यकताको परिपूर्तिका लागि हामीले स्थानीय विकाससँग सम्बन्धित नीति तथा कार्यक्रमहरु तर्जुमा गर्दछौं। त्यस्ता नीति तथा कार्यक्रमहरुको कार्यान्वयनका लागि कानून बमोजिम आयको व्यवस्थापन गरी कानून बमोजिम नै खर्च गर्ने हो भने संवैधानिक एवम् नियामक निकायले दिने सुझावका शब्दहरु क्रमशः न्युन हुँदै जानेछन्। यसका लागि महालेखापरीक्षकको कार्यालयबाट प्राप्त सुझाव तथा निर्देशनहरु हामी जनप्रतिनिधि र कर्मचारीलाई कानून बमोजिम कार्य गरी थप सुधार सहित अघि बढ्नका लागि अवसर समेत हो। विगतमा भएका कमी/कमजोरीहरुलाई सुधार गर्दै अबका दिनमा वित्तीय अनुशासनप्रति प्रतिवद्ध रहनका लागि सभाबाटै अन्तिम लेखापरीक्षण प्रतिवेदनले औंल्याएका विषयहरुको सम्बोधन गर्ने प्रतिवद्धता सहित विगतका दिनका सबै प्रकृतिका बेरुजु फछ्यौंट प्रकृया अघि बढाउने उद्देश्यले यो तेह्रौं गाउँ सभा अधिवेशन आव्हान गरिएको व्यहोरा सम्पूर्ण सभाका सदस्यज्यूहरुलाई जानकारी गराउन चाहन्छु।

यसका अतिरिक्त यो अधिवेशनको पछिल्ला बैठकहरुबाट चालु आर्थिक वर्षका लागि बाह्रौं गाउँ सभाद्वारा स्वीकृत बजेट सामयिकरुपमा संशोधन गर्ने र अन्य सम/सामयिक कानूनहरुको तर्जुमा एवम् संशोधन समेत गर्ने रहेको व्यहोरा सभाका सबै सदस्यहरुलाई जानकारी गराउन चाहन्छु। धन्यवाद।

सभाध्यक्ष श्री राजमती इङ्गनाम्ज्यूले उक्त मन्तव्य मार्फत् सभाको पहिलो बैठकमा सम्बोधन गरे पश्चात् पूर्व निर्धारित प्रस्ताव एवम् कार्यसूची उपर सभाको बैठक सञ्चालन भएको थियो। कानेपोखरी गाउँ कार्यपालिकाको मिति २०७९।०९।१६ गते बसेको बैठक (बैठक संख्या २/१७/२०७९/०८०) ले सभा समक्ष स्वीकृतीका लागि पेश गरेको प्रस्ताव एवम् कार्यसूची उपर थप प्रष्ट्याउनका लागि सभाध्यक्ष श्री राजमती इङ्गनामज्यूले गाउँ सभाका सचिव एवम् प्रमुख प्रशासकीय अधिकृत श्री सन्तोष घिमिरे,गाउँ

कानेपोखरी गाउँपालिकाको १३ औं गाउँ सभा अधिवेशनको पहिलो बैठक (२०७९।०९।१७) को निर्णय प्रमाणित गरेकी छु।

(राजमती इङ्गनाम)
सभाध्यक्ष एवम् गाउँपालिका अध्यक्ष

पाना ।।२।।

मिति २०७९ साल पौष १७ गते दिउँसो १.०० बजे बस्ने गरी आव्हान भएको कानेपोखरी गाउँपालिकाको तेह्रौं गाउँ सभा अधिवेशनको पहिलो बैठकको निर्णय

कार्यपालिकाको कार्यालयको राजस्व तथा आर्थिक प्रशासन शाखा प्रमुख, लेखा अधिकृत श्री अजित भट्टराई, गाउँ कार्यपालिका मातहतको सामाजिक विकास समितिका संयोजक श्री खड्गबहादुर बस्नेतलाई जिम्मेवारी समेत सुम्पनु भएको थियो र, यसरी सुम्पिइएको जिम्मेवारी बमोजिम उल्लिखित पदाधिकारी एवम् कर्मचारीबाट कार्यसूची एवम् प्रस्ताव समेत सभामा पेश भएको थियो। सभाको पहिलो बैठकबाट भएको निर्णयहरु देहाय बमोजिम रहेको छ।

निर्णय नं.(१)

प्रस्ताव एवम् कार्यसूची नम्बर (१) माथि छलफल गर्दा प्रदेश नं. १ को प्रदेश सभाद्वारा पारित गाउँ सभा र नगर सभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा ३६ बमोजिम गठित कानेपोखरी गाउँपालिकाको गाउँ सभा मातहतको अर्थ तथा सार्वजनिक लेखा समितिमा दफावार छलफल भई कानेपोखरी गाउँ कार्यपालिकाको मिति २०७९।०९।१६ गते बसेको बैठक (बैठक संख्या २/१७/२०७९/०८०)समेतले निर्णय गरी सभा समक्ष स्वीकृतीका लागि पेश हुन आएको कानेपोखरी गाउँपालिकाको आर्थिक वर्ष २०७३।०७४, आर्थिक वर्ष २०७४।०७५, आर्थिक वर्ष २०७५।०७६, आर्थिक वर्ष २०७६।०७७ र आर्थिक वर्ष २०७७।०७८ को लागि श्री महालेखापरीक्षकको कार्यालयले औंल्याएको **नियमित गर्नुपर्ने प्रकृतिका बेरुजुका** सम्बन्धित दफाहरु उपर सभाको बैठकमा दफावार छलफल भयो र उक्त नियमित गर्नुपर्ने प्रकृतिका बेरुजुहरु एक पटकका लागि नियमित गरी बेरुजुको लगतबाट हटाई सम्परीक्षण गरी दिनका लागि श्री महालेखापरीक्षकको कार्यालयमा देहाय बमोजिम प्रतिवद्धता समेत उल्लेख गरिएको ढाँचामा लेखी पठाउने निर्णय सर्वसम्मतीले पारित गरियो।

क. आर्थिक वर्ष २०७४।०७५

क्र. सं.	बेरुजुको दफा	ब.उ. शी.नं.	बेरुजुको छोटकरीव्यहोरा	रकम	फछ्यौंटको छोटकरी व्यहोरा	रकम
१	१३		स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले अनुसूची १ मा उल्लेख भए बमोजिमका रकम मासिक सुविधा वापत् पाउने व्यवस्था छ। गाउँपालिकाले	१६५००००	तत्कालिन गाउँपालिका अध्यक्ष श्री ताराबहादुर काफलेको नाममा रहेको बेरुजु रकम रु. १०८०००।००, तत्कालिन गाउँपालिका उपाध्यक्ष श्री राजमती इङ्गनामको नाममा रहेको बेरुजु रकम रु. ९००००।००, तत्कालिन वडा अध्यक्षहरु श्री खड्गबहादुर बस्नेत, धनबहादुर राई, चरण गुरुङ,मोहनप्रसाद	९००००

कानेपोखरी गाउँपालिकाको १३ औं गाउँ सभा अधिवेशनको पहिलो बैठक (२०७९।०९।१७) को निर्णय प्रमाणित गरेकी छु।

(राजमती इङ्गनाम)
सभाध्यक्ष एवम् गाउँपालिका अध्यक्ष

पाना ॥३॥

			उपयुक्तानुसार कानूनमा व्यवस्था भन्दा बढी विभिन्न भत्ता वापत् निम्नानुसार अतिरिक्त भत्ता सुविधा लिएको नियमसंगत पाइएन। अध्यक्ष रु. १०८०००।०० उपाध्यक्ष रु. ९०७००।०० वडा अध्यक्ष (७जना) रु. ८४००००।०० का.पा.सदस्य (६जना) रु. १८००००।०० वडा सदस्य (२४जना) रु. ४३२०००।००		अधिकारी, सुशील बुढाथोकीको नाममा जनही बेरुजु रहेको रकम रु. १२०००।०० का दरले जम्मा ६००००।०० तथा तत्कालिन कार्यपालिका सदस्य श्री पदम कुमारी कार्कीको नाममा रहेको बेरुजु रकम रु. ३०००।००, तत्कालिन वडा सदस्यहरु श्री त्रिभुनाथ नेपाल, सुशिला श्रेष्ठ र धनबहादुर लिम्बुको नाममा जनही रहेको बेरुजु रकम रु. १८०००।०० का दरले जम्मा रु. ५४०००।०० गरी कुल रकम रु. ८८२०००।०० आर्थिक वर्ष २०७७।०७८ को अन्तिम लेखापरीक्षण हुँदाका वखत् सम्परीक्षण भई सकेको भनी महालेखा परीक्षकको प्रतिवेदनमा समेत उल्लेख छ भने उल्लिखितदेखि बाहेकका तपसिलमा उल्लेख भएका अन्य जनप्रतिनिधिहरुको नाममा रहेको बेरुजु रकम संलग्न बैंक विवरण समेतका आधारमा उक्त बेरुजु सम्परीक्षण गरी बेरुजुको लगतबाट हटाई दिनका लागि श्री महालेखापरीक्षकको कार्यालय, डोर मुकाममा सर्वसम्मत अनुरोध गर्ने: **तपसिल** तत्कालिन कापा सदस्य श्री प्रमिला परियारको रु. ६११०५ तत्कालिन कापा सदस्य श्री साउनी माझीको रु. ६७४८० तत्कालिन कापा सदस्य श्री निर्मला भण्डारीको रु. ५४००५	
२	१४		गाउँपालिकामा कार्यरत कर्मचारीले मासिक तलबमा थप भत्ता २५ प्रतिशतका दरले	१५१३६३५		१५१३६३५

कानेपोखरी गाउँपालिकाको १३ औं गाउँ सभा अधिवेशनको पहिलो बैठक (२०७९।०९।१७) को निर्णय प्रमाणित गरेकी छु।

(राजमती इङ्नाम)
सभाध्यक्ष एवम् गाउँपालिका अध्यक्ष

पाना ११४।।

			भुक्तानी गर्ने गरेको पाइएकाले उक्त सुविधा भुक्तानी नियमसम्मत नपाइएको।			
३	२२.४		गो.भौ.नं. ३१२।२०७५।०२।१८ बाट सवारीसाधनमा रु. ४३४८००।०० मेशिनरी औजार शीर्षकमा रु. ७६८०६१।०० खर्च लेखी सार्वजनिक निर्माण शीर्षकबाट रु. १२०२८६१।०० खर्च घटाएकोमा सवारीसाधन र मेशिनरी औजारको बिल जिन्सी दाखिला संलग्न नरहेको हुँदा संलग्न राखी नियमित हुनुपर्ने।	१२०२८६१	आर्थिक वर्ष २०७४।७५ को जिन्सी खाता पाना नम्बर ४३ बाट दुई थान मोटरसाइकल आम्दानी बाँधिएको संलग्न दाखिला प्रमाण समेतका आधारमा उक्त बेरुजु नियमित गर्ने र उक्त बेरुजु लगतबाट कट्टा गरी सम्परीक्षण गरी दिनका लागि श्री महालेखापरीक्षकको कार्यालयमा सर्वसम्मत अनुरोध गर्ने।	४३४८००
४	२२.५		गो.भौ.नं. २११।२०७४।१२।१३ बाट विभिन्न मिति र बिलको रकम नासु हेमुलाल गौतमले सोधभर्ना भुक्तानी लिएको रु. १०००००।०० मध्ये हुलाक खर्च तथा ससाना फुटकर खर्च बाहेक पनि स्थानीय स्तरको पसलबाट सामान खरिद गरेको बिलको रकम समेत आफैले सोधभर्ना लिएको देखियो। यस्ता प्रकारका बिलको रकम सकेसम्म सम्बन्धित फर्म वा पाटीको नाममा भुक्तानी खर्च लेखु पर्नेमा नलेखेको।	९००९०	बेरुजु प्रतिवेदनले औल्याए बमोजिम कार्यालयको प्रयोजनका लागि लिइने बस्तु तथा सेवा उपलब्ध गराउने रजिष्टर्ड फर्म तथा पाटीको नाममा सोझै भुक्तानी लेखे संस्कार लागू भईसकेको हुँदा एक पटकका लागि उक्त बेरुजु रकम नियमित गर्ने र उक्त बेरुजु रकम सम्परीक्षण गरी लगतबाट कट्टा गरीदिन श्री महालेखापरीक्षकको कार्यालय, डोर मुकाममा सर्वसम्मत अनुरोध गर्ने।	९००९०
			जम्मा नियमित गर्नुपर्ने बेरुजु		**सम्परीक्षण गरी फछ्यौट गर्नुपर्ने जम्मा नियमित गर्नुपर्ने बेरुजु**	२१२८५२५

ख. आर्थिक वर्ष २०७५।०७६

क्र.	बेरुजुको	ब.उ.	बेरुजुको		फछ्यौटको	

कानेपोखरी गाउँपालिकाको १३ औं गाउँ सभा अधिवेशनको पहिलो बैठक (२०७९।०९।१७) को निर्णय प्रमाणित गरेकी छु।

(राजमती इङ्नाम)
सभाध्यक्ष एवम् गाउँपालिका अध्यक्ष

कानेपोखरी गाउँ कार्यपालिका

पाना ॥५॥

मिति २०७९ साल पौष १७ गते दिउँसो १.०० बजे बस्ने गरी आव्हान भएको कानेपोखरी गाउँपालिकाको तेह्रौं गाउँ सभा अधिवेशनको पहिलो बैठकको निर्णय

सं.	दफा	शी.नं.	छोटकरीव्यहोरा	रकम	छोटकरी व्यहोरा	रकम
१	१९		प्रदेश सरकार पूँजीगतःभौ नं. १३ वाट जनकल्याण मा.वि. आईतवारे स्कूल लाई प्राविधिक शिक्षा कार्यक्रमअन्तर्गत ३६ वटा कम्प्युटर उ.स. मार्फत खरिद गरि विद्यालयलाई उपलब्ध गराएकोदेखियो। सामान खरिद गर्नेकाम प्रचलित आर्थिक नियमानुसार खरिदा गर्नु पर्नेमाउपभोक्ताको नाममा सामान खरिद गरि भुक्तानी गरेको नियम सम्मत नदेखिएको।	५०००००	नेपाल सरकार सङ्घीयमामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट गाउँपालिका/नगरपालिकाका लागि जारीनमुना सार्वजनिक खरिद नियमावलीलाई कानेपोखरी गाउँ कार्यपालिकाबाट पारित गराईकानेपोखरी गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७८ मा व्यवस्था भएकोमालसामान खरिद सम्बन्धी व्यवस्थामा उल्लेख भएको प्रावधान बमोजिम खरिद गरिनेमालसामानको स्पेशिफिकेसन र लागत अनुमान तयार गरी विद्युतीय बोलपत्रको माध्यमबाटमात्र मालसामान खरिद गर्ने व्यवस्था अङ्गीकार गरी सकिएकाले उक्त बेरुजु नियमितगर्ने र उक्त बेरुजु रकम सम्परीक्षण गरी बेरुजुको लगतबाट हटाई दिनका लागि श्रीमहालेखापरीक्षकको कार्यालय, डोर मुकाममा सर्वसम्मत अनुरोध गर्ने।	५०००००
२	२२		गाउँपालिकालेकार्यपालिकाको निर्णयानुसार गाउँपालिकामा कार्यरत विभिन्न कर्मचारीहरुलाई कार्यसम्पादनमा आधारित अतिरिक्त समय क़ाम गरेको प्रमाणित विद्युतिय हाजिरीको आधारमाप्रोत्साहान स्वरुप आन्तरिक चालु शिर्षकबाट भुक्तानी गरेको देखियो। उक्त सुविधासंघिय कानुनको सिद्धान्त र मापदण्ड अनुकुल नदेखिएकोले	२५७४९९१	नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य सङ्घीय/प्रादेशिक/स्थानीय कानूनलेगाउँपालिकालाई सुम्पेको काम, कर्तव्य र अधिकारलाई व्यवहारिकरुपमा कार्यान्वयनमालैजानका गाउँपालिकाका कर्मचारीलाई उपयोगमा ल्याउनु पर्ने हुन्छ। गाउँपालिकालाईसंस्थागत गर्ने महत्वपूर्ण अभिभारा रहेको उक्त समयमा सीमित कर्मचारीहरुको	२५७४९९१

कानेपोखरी गाउँपालिकाको १३ औं गाउँ सभा अधिवेशनको पहिलो बैठक (२०७९।०९।१७) को निर्णय प्रमाणित गरेकी छु।

(राजमती इङ्नाम)
सभाध्यक्ष एवम् गाउँपालिका अध्यक्ष

पाना ।।९।।

			प्रोत्साहन स्वरुप लेखिएकोखर्च अनियमित भएको।		मात्रउपलब्धता रहेको थियो र ती कर्मचारीहरु कार्यालय समयमा नियमित प्रकृतिका काममामात्र व्यस्त रहनुपर्ने अवस्था थियो। सीमित संख्यामा रहेका कर्मचारीलाई कार्यालयसमय बाहेकको समयमा समेत परिचालन गर्दा मौद्रिक प्रोत्साहन उपलब्ध गराउनुपर्नेराष्ट्रिय तथा अन्तर्राष्ट्रय अभ्यासलाई मध्यनजर गरी गाउँपालिकाको आन्तरिक चालुशीर्षकबाट प्रोत्साहन भत्ता उपलब्ध गराइएकोमा अबका दिनमा त्यस्ता जनशक्तिलाईअतिरिक्त समयमा काममा लगाउँदा मापदण्ड बनाई मापदण्ड बमोजिम मात्र प्रोत्साहनउपलब्ध गराउने प्रतिवद्धता व्यक्त गर्दै उक्त बेरुजु नियमित गर्ने र उक्त बेरुजुरकम सम्परीक्षण गरी बेरुजुको लगतबाट हटाई दिनका लागि श्री महालेखापरीक्षककोकार्यालय, डोर मुकाममा सर्वसम्मत अनुरोध गर्ने।	
३	३६		गा.पा.ले यस आर्थिक वर्षमा चिसाङ्ग खोलाको नदीजन्य सामाग्री उत्खनन् गरेको कर रकम बाट कार्यापालिकाको मिति २०७५/१२/२९ गतेकोनिर्णय बमोजिम देहायका क्याम्पस तथा विद्यालयहरुको खातामा रु ६५०००/- निशर्तअनुदान दिएको पाईयो। तथा विगतमा विद्यालय तथा क्याम्पसहरुले कर असुल गर्दै आएकोभनी र सो बन्द गरे वापत वार्षिक रुपमा विद्यालयलाई रकम निकासा	६५००००	चिसाङ खोलाको प्रभावितक्षेत्रमा रहेको श्री रमाइलो बहुमुखी क्याम्पस, श्री माध्यमिक विद्यालय, भौंसाबारी, श्री शिक्षा विकास माध्यमिक विद्यालय, श्री सिंहदेवी माध्यमिकविद्यालय, श्री जनता आधारभूत विद्यालय, श्री मैनावारी आधारभूत विद्यालय, श्रीजनमत आधारभूत विद्यालयको प्रशासनिक सुदृढीकरणका लागि संकलित कर रकमबाट निःशुल्कअनुदान उपलब्ध गराउँदै आइएकोमा आर्थिक वर्ष २०७८/०७९ देखि उक्त चिसाङ	६५००००

कानेपोखरी गाउँपालिकाको १३ औं गाउँ सभा अधिवेशनको पहिलो बैठक (२०७९।०९।१७) को निर्णय प्रमाणित गरेकी छु।

(राजमती इङ्नाम)
सभाध्यक्ष एवम् गाउँपालिका अध्यक्ष

पाना ।।६।।

			गर्नेकार्यापालिकाद्धारा निर्णय गरेको पाईयो। खोलाजन्य पदार्थ बाट उठेको रकमविद्यालयलाई वार्षिक रुपमा प्रदान गर्ने गरेको आधार स्पष्ट नभएको:१.श्रीरमाईलो बहुमखी क्याम्पस-रु 150000, २.श्री मा.वि. भौंसाबारी-रु 75000,३.श्री सिंह देवी मा.वि. -रु 90000, ४.शिक्षाविकास मा.वि. रु 75000,५.जनता आधारभुत विद्यालयरु 200000,६. श्री मैनावारी आ.वि.रु 30000,७.श्री जनमतसरस्वती आ.वि.रु 30000		खोलाकोखोलाजन्य सामाग्रीको ठेक्का बन्दोबस्त ,प्रचलित कानून बमोजिम बेलबारीनगरपालिकाबाट हुन थाली सकेको र खोलाजन्य सामाग्री ठेक्का बन्दोबस्तबाट प्राप्तरकम अन्तर सरकारी वित्तीय हस्तान्तरण ऐन तथा प्रदेश सरकारको आर्थिक ऐन बमोजिमबाँडफाँड गर्ने व्यवस्थाको अवलम्बन गर्न थालिएको हुँदा अब उप्रान्त यस व्यवस्थाबमोजिम संकलित कर रकमबाट विद्यालयलाई सोझै रकम उपलब्ध गराउने प्रावधानऔपचारिकरुपमै बन्द भैसकेकाले उक्त बेरुजु रकम एकपटकका लागि नियमित गर्ने र उक्तबेरुजु सम्परीक्षण गरी लगतबाट कट्टा गरी दिनका लागि श्री महालेखा परीक्षककोकार्यालय, डोर मुकाममा सर्वसम्मत अनुरोध गर्ने।	
४	३९		कार्यालयलेनिम्नानुसारको उ.स. गठनगरि(ह्युमपाइप सबै शंकर सिमेन्ट कंकृट उद्योग प्रा.लि.बाट खरिद गरेको) उ.स. नाममा खरिद गरेको नियम सम्मत नदेखिएको 37 ह्युमपाइप उ.स. ह्युमपाइप रु 603815 45-ह्युमपाइप उ.स. ह्युमपाइप रु 546182	११४९९९७	नेपाल सरकार सङ्घीयमामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट गाउँपालिका/नगरपालिकाका लागि जारीनमुना सार्वजनिक खरिद नियमावलीलाई कानेपोखरी गाउँ कार्यपालिकाबाट पारित गराईकानेपोखरी गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७८ मा व्यवस्था भएकोमालसामान खरिद सम्बन्धी व्यवस्थामा उल्लेख भएको व्यवस्था भए बमोजिम खरिद गरिनेमालसामानको स्पेशिफिकेसन र लागत अनुमान तयार गरी विद्युतीय बोलपत्रको माध्यमबाटमात्र मालसामान खरिद गर्ने व्यवस्था	११४९९९७

कानेपोखरी गाउँपालिकाको १३ औं गाउँ सभा अधिवेशनको पहिलो बैठक (२०७९।०९।१७) को निर्णय प्रमाणित गरेकी छु।

(रजिमती इङ्गनाम)
सभाध्यक्ष एवम् गाउँपालिका अध्यक्ष

पाना ।।८।।

					अङ्गीकार गरी सकिएकाले उक्त बेरुजु नियमितगर्ने र उक्त बेरुजु रकम सम्परीक्षण गरी बेरुजुको लगतबाट हटाई दिनका लागि श्रीमहालेखापरीक्षकको कार्यालय, डोर मुकाममा सर्वसम्मत अनुरोध गर्ने।	
५	४८		150-076/1/29- सार्वजनिक खरिद नियमावली, २०६४ मा एक करोड रुपैया सम्म लगत अनुमान भएको निर्माणकार्य वा सो सम्बन्धि सेवा उ.स. वाट गर्न सकिने उल्लेख छ । यस वर्ष कार्यालयवाटयुवा स्वरोजगार तालिम उ.स. वाट तालिम संचालन गरी रु १००००० भुक्तानी गरेको छ ।निर्माण काम र सो सम्बन्धि सेवाको काम मात्र उ.स. वाट गर्नुपर्नेमा दक्ष जनशक्तिसंलग्न गरिनुपर्ने तालिम जस्तो कार्य समेत उ.स.ले गरेकोले अनियमित भएको।	१०००००	गाउँपालिकामा दक्षजनशक्ति उपलब्ध नहुने प्रकृतिका सीपमूलक एवम् क्षमतामूलक तालिमहरुकार्यक्षेत्रगत शर्त (ToR) तयार गरी प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावलीमाव्यवस्था भएको प्रावधान बमोजिम मात्र सञ्चालन गर्ने कानूनी संस्कारको प्रारम्भगरी सकिएको र उक्त व्यवस्थालाई संस्थागत गर्ने प्रतिवद्धता समेत व्यक्त गर्दैउक्त बेरुजु नियमित गर्ने र उक्त बेरुजु रकम सम्परीक्षण गरी लगतबाट कट्टा गरीदिन श्री महालेखापरीक्षकको कार्यालय, डोर मुकाममा सर्वसम्मत अनुरोध गर्ने।	१०००००
६	४९		यस वर्ष कार्यालवाटदेहायका उ.स. वाट ह्युम पाईप र विद्युत पोल खरिद गरी रु २४२०००० /- भुक्तानीगरेको छ। निर्माण काम र सो सम्बन्धि सेवाको काम मात्र उ.स.वाट गर्नुपर्नेमारोजगार सिर्जना नहुने वस्तु खरिद कार्यका लागि उ.स. गठन गरी वर्षको अन्त्यमाखरिद कार्य गर्नु अनियमित भएको: 245-076/3/11 -विद्युत पोल खरिद- १८ थान - रु 1725000 261-076/3/18- ह्युम पाईपखरिद-३२ थान- रु.350000	२४२००००	प्रचलित सार्वजनिक खरिदऐन तथा नियमावलीले जटिल प्रकृतिका मालसामान एवम् संरचनाको खरिद एवम् निर्माणउपभोक्ता समितिबाट गराउन नहुने भनी उल्लेख गरेकोमा उक्त व्यवस्था बमोजिम त्यस्ताप्रकृतिका कार्यहरु विद्युतीय बोलपत्रका माध्यमबाट मात्र गर्ने कानूनी संस्कारकोप्रारम्भ गरी सकिएको रउक्त व्यवस्थालाईसंस्थागत गर्ने प्रतिवद्धता समेत व्यक्त गर्दै उक्त बेरुजु नियमित गर्ने र उक्तबेरुजु रकम	२४२००००

कानेपोखरी गाउँपालिकाको १३ औं गाउँ सभा अधिवेशनको पहिलो बैठक (२०७९।०९।१७) को निर्णय प्रमाणित गरेकी छु।

(राजमती इङ्गनाम)
सभाध्यक्ष एवम् गाउँपालिका अध्यक्ष

			296-076/3/26वडा नं. ५ ह्युम पाइप खरिद ६७.५ र. मि.-रु 345000		सम्परीक्षण गरी लगतबाट कट्टा गरी दिन श्री महालेखापरीक्षककोकार्यालय, डोर मुकाममा सर्वसम्मत अनुरोध गर्ने।	
			जम्मा नियमित गर्नुपर्ने बेरुजु	१२३२६३२१	सम्परीक्षण गरी फछ्यौंट गर्नुपर्ने जम्मा नियमित गर्नुपर्ने बेरुजु	७३९४९८८

ग. आर्थिक वर्ष २०७६।०७७

क्र. सं.	बेरुजुको दफा	ब.उ. शी.नं.	बेरुजुको छोटकरीव्यहोरा	रकम	फछ्यौंटको छोटकरीव्यहोरा	रकम
१	१०		स्थानीय सरकार संचालनऐन, २०७४ तथा गाँउ तथा नगर सभाका सदस्यहरुले पाउने सुविधा सम्बन्धमा व्यवस्थागर्न बनेको ऐन, २०७५ मा कानुनी सल्लाहकार नियुक्ति सम्बन्धी व्यवस्था गरेको छैन। पालिकाले राजेश सुव्वालाई कानूनी सल्लाहकार नियुक्ति गरी मासिक रु ३५२९५ कादरले रक भुक्तानी गर्नेगरी सम्झौता गरी कार्तिक देखि अषाढ सम्म रु २७०००७/- भुक्तानी भएको रकम नियमसंगत नदेखिएको ।	२७०००७	न्यायिक समितिमा पर्नेउजुरीका विषयहरुको कानून सम्मत ढंगले निरुपण गर्न उजुरीसँग सम्बन्धित विषयमाजानकार जनशक्तिको अपरिहार्यताको महसुस गरी कानून विषयमा स्नातक गरेको अधिवक्ताश्री राजेश सुब्बालाई कानूनी सल्लाहकारमा नियुक्त गरिएकोमा अन्तिम लेखापरीक्षणप्रतिवेदनले उक्त विषयका सम्बन्धमा औंल्याए बमोजिम आर्थिक वर्ष २०७७।०७८ देखिनैयो क्रमको अन्त्य गरी सकिएकाले एक पटकका लागि उक्त बेरुजु नियमित गर्ने र उक्तबेरुजु सम्परीक्षण गरी लगतबाट कट्टा गरी दिनका लागि श्री महालेखा परीक्षककोकार्यालय, डोर मुकाममा सर्वसम्मत अनुरोध गर्ने।	२७०००७
२	१३		स्थानीय सरकार संचालनऐन, २०७४ को दफा ८३(८) बमोजिम पालिकाले नगर प्रहरी सवारी चालक सयश कार्यालयसहयोगी पलम्बर इलेक्ट्रिसियन चौकिदार मालि	२५५०५३०	स्थानीय सरकार सञ्चालनऐन, २०७४ को दफा ८३ को उपदफा (१०) बमोजिम कानेपोखरी गाउँपालिकाको संगठन तथाव्यवस्थापन सर्वेक्षण प्रतिवेदन मिति २०७७ फागुन २१ गते बसेको कानेपोखरीगाउँपालिकाको आठौं	२५५०५३०

कानेपोखरी गाउँपालिकाको १३ औं गाउँ सभा अधिवेशनको पहिलो बैठक (२०७९।०९।१७) को निर्णय प्रमाणित गरेकी छु।

(राजमती इङ्नाम)

सभाध्यक्ष एवम् गाउँपालिका अध्यक्ष

पाना ॥१०॥

			बगैचे लगायतका पदमा मात्र करारबाटसेवा लिन सकिने व्यवस्था गरेको छ। स्थानीय तहले माथि उल्लेखित पद वाहेककोविभिन्न ६ पदमा ७ जना करार नियुक्ति गरी वर्षभरीमा रु २५५०५३० भुक्तानी गरेकोअनियमित देखिएको।		गाउँ सभाको निर्णय नम्बर (५) बाट स्वीकृत भएको छ। बेरुजुप्रतिवेदनमा औल्याइएको नीतिगत सुझाव बमोजिम स्वीकृत संगठन तथा व्यवस्थापनसर्वेक्षण प्रतिवेदनमा उल्लिखित पदका जनशक्ति कानेपोखरी गाउँपालिकामा करारमाप्राविधिक जनशक्ति व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि बमोजिम सेवा करारमाव्यवस्थापन गर्ने प्रावधान लागू भई सकेको एवम् अब उप्रान्त यस किसिमको व्यवस्थानदोहोर्याउने प्रतिवद्धता समेत व्यक्त गर्दै उक्त बेरुजु रकम नियमित गर्ने रउक्त बेरुजु सम्परीक्षण गरी बेरुजुको अभिलेखबाट हटाई दिन श्री महालेखा परीक्षककोकार्यालय, डोर मुकाममा सर्वसम्मत अनुरोध गर्ने।	
३	२९		कार्यालयले सामाग्रीकुन योजनाको लागि के कति परिमाणमा समान आवश्यक पर्ने हो सो समेत यकिन नगरी खरिदमात्र गरेको योजनागत अभिलेख खातामा आम्दानी नजनाई जडान गरेको प्रमाण तथा कार्यसम्पन्न समेत पेश हुनुपर्दछ । यसरी सोझै खरिद मात्र गर्ने कार्यले कार्यमितव्ययी समेत नहुने हुँदा सार्वजनिक खरिद नियमावलीको व्यवस्था पालना गरेकोदेखिएन। गुणस्तर कायम हुने गरी प्रतिष्पर्धाबाट कार्य नगराई उपभोक्ता समितिबाटखरिद गराएको नियम सम्मत नभएको: 84-2077/1/30- होमपाईपखरिद उ.स. वाट होमपाईप खरिद- रु २३०००० 201-2077/3/29-वयरवनखानेपानी तथा सरसफाई उ.स. वाट पाईप खरिद-रु ९२०९८५	११५०९८५	नेपाल सरकार सङ्घीयमामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट गाउँपालिका/नगरपालिकाका लागि जारीनमुना सार्वजनिक खरिद नियमावलीलाई कानेपोखरी गाउँ कार्यपालिकाबाट पारित गराईकानेपोखरी गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७८ मा व्यवस्था भएकोमालसामान खरिद सम्बन्धी व्यवस्थामा उल्लेख भएको व्यवस्था बमोजिम खरिद गरिनेमालसामानको स्पेशिफिकेसन र लागत अनुमान तयार गरी विधुतीय बोलपत्रको माध्यमबाटमात्र मालसामान खरिद गर्ने व्यवस्था अङ्गीकार गरी सकिएकाले उक्त बेरुजु नियमितगर्ने र उक्त बेरुजु रकम सम्परीक्षण गरी बेरुजुको लगतबाट हटाई दिनका लागि	११५०९८५

कानेपोखरी गाउँपालिकाको १३ औं गाउँ सभा अधिवेशनको पहिलो बैठक (२०७९।०९।१७) को निर्णय प्रमाणित गरेकी छु।

(राजमती इङ्नाम)
सभाध्यक्ष एवम् गाउँपालिका अध्यक्ष

पाना ।१९।

मिति २०७९ साल पौष १७ गते दिउँसो १.०० बजे बस्ने गरी आह्वान भएको कानेपोखरी गाउँपालिकाको तेह्रौं गाउँ सभा अधिवेशनको पहिलो बैठकको निर्णय

					श्रीमहालेखापरीक्षकको कार्यालय, डोर मुकाममा सर्वसम्मत अनुरोध गर्ने।	
४	३५		खोलाजन्य पदार्थ बाटउठेको रकम विद्यालयलाई प्रत्येक वर्ष निशर्त रुपमा प्रयोजन नखुलाई बिल भरपाईनराखी निकासा दिएको छ । तसर्थ उक्त भुक्तानीको प्रयोजन खुलाई बिल भरपाई समेतसंलग्न राखी तथा गाउँ सभाले अनुमोदन गरेको नदेखिएकोले गाउँ सभाबाट स्विकृतनभएको: १.जनता आ.वि.-रु २००००।०० २. सिंहदेवी मा.वि.रु. १००००।०० ३.श्रीमा.वि. भौसाबारी-रु ७५०००।०० ४. रमाइलो बहुमुखी क्याम्पस रु १५००००।०० ५. जनमतसरस्वती आ.वि. कालिकोशी-रु ३००००६. शिक्षा विकास मा वि दलेली-रु ७५०००७.भौसाबारी आ.वि.-रु ३००००८. रमाईलो बहुमुखीक्याम्पस-रु ६०००००	१२६००००	चिसाङ खोलाको प्रभावितक्षेत्रमा रहेको श्री रमाइलो बहुमुखी क्याम्पस, श्री माध्यमिक विद्यालय, भौसाबारी, श्री शिक्षा विकास माध्यमिक विद्यालय, श्री सिंहदेवी माध्यमिकविद्यालय, श्री जनता आधारभूत विद्यालय, श्री मैनावारी आधारभूत विद्यालय, श्रीजनमत आधारभूत विद्यालयको प्रशासनिक सुदृढीकरणका लागि संकलित कर रकमबाट निःशुल्कअनुदान उपलब्ध गराउँदै आइएकोमा आर्थिक वर्ष २०७८/०७९ देखि उक्त चिसाङ खोलाकोखोलाजन्य सामाग्रीको ठेक्का बन्दोबस्त प्रचलित कानून बमोजिम बेलबारीनगरपालिकाबाट हुन थाली सकेको र खोलाजन्य सामाग्री ठेक्का बन्दोबस्तबाट प्राप्तरकम अन्तर सरकारी वित्तीय हस्तान्तरण ऐन तथा प्रदेश सरकारको आर्थिक ऐन बमोजिमबाँडफाँड गर्ने व्यवस्थाको अवलम्बन गर्न थालिएको हुँदा अब उप्रान्त यस व्यवस्थाबमोजिम संकलित कर रकमबाट विद्यालयलाई सोझै रकम उपलब्ध गराउने प्रावधानऔपचारिकरुपमै बन्द भैसकेकाले उक्त बेरुजु रकम एकपटकका लागि नियमित गर्ने र उक्तबेरुजु सम्परीक्षण गरी लगतबाट कट्टा गरी दिनका लागि श्री महालेखा परीक्षककोकार्यालय, डोर मुकाममा सर्वसम्मत अनुरोध गर्ने।	१२६००००
५	४६		वडाध्यक्ष श्री खड्गबहादुर बस्नेत काठमाण्डौं गएको चिया/खाजा तथा होटल बास	६००००	सरकारी कामकाजकैसिलसिलामा वडा अध्यक्ष श्री खड्गबहादुर बस्नेत काठमाण्डौं जानु भएको र उक्तभ्रमणलाई गाउँपालिकाका	६००००

कानेपोखरी गाउँपालिकाको १३ औं गाउँ सभा अधिवेशनको पहिलो बैठक (२०७९।०९।१७) को निर्णय प्रमाणित गरेकी छु।

(राजमती इङ्नाम)
सभाध्यक्ष एवम् गाउँपालिका अध्यक्ष

मिति ।।१२।।

			वापतको विल भरपाई पेश गरीरु ६०००/- भुक्तानी लिएकोमा भ्रमण प्रयोजन, भ्रमण आदेश समेत स्वीकृत नगरीनिवेदनका आधारमा मात्र भुक्तानी गरेको कार्य नियमसंगत नदेखिएको।		अध्यक्षज्यूले पछि अनुमोदन समेत गरी सक्नु भएकोमा अबउप्रान्त प्रदेश नम्बर १ को गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ बमोजिम मात्र भ्रमण आदेश स्वीकृत गराएर प्रचलित कानूनले व्यवस्था गरेकोदैनिक भत्ता एवम् भ्रमण कार्यालयबाट उपलब्ध गराउने व्यवस्था अङ्गीकार गर्नेप्रतिवद्धता व्यक्त गर्दै उक्त बेरुजु नियमित गर्ने र उक्त बेरुजु रकमसम्परीक्षण गरी बेरुजुको लगतबाट हटाई दिनका लागि श्री महालेखापरीक्षककोकार्यालय, डोर मुकाममा सर्वसम्मत अनुरोध गर्ने।	
६	४७		भाषा, कला, साहित्यशिर्षकबाट स्वास्थ्य कर्मीहरुलाई क्यान्सर सम्बन्धी तालिम संचालन खर्च का.पा.कोवैठकद्वारा रु १००००/- भुक्तानी दिने निर्णयनुसार अरनिको हस्पिटल प्रा.लि.भुक्तानी भएको छ । वार्षिक नीति तथा कार्यक्रम र बजेटमा समावेश नगरी भुक्तानीभएको साथै उक्त हस्पिटलले कार्यक्रम संचालन गर्नका लागि कार्यालयको प्रस्ताव मागतथा पेश गरेको नदेखिएको, कार्यक्रम सम्पन्न भए पश्चात प्रतिवेदन समेत पेशनगरेकोले कार्यक्रम संचालन भएको एकिन नभएकोले उक्त हस्पिटललाई भुक्तानी दिएकोरकम नियमसंम्मत नदेखिएको।	१०००००	बेरुजु प्रतिवेदनलेऔल्याए बमोजिम अब उप्रान्त वार्षिक नीति तथा कार्यक्रम र बजेटमा समावेशसम्बन्धित बजेट खर्च शीर्षकबाट मात्र खर्च लेख्ने एवम् स्वीकृतकार्यक्रमहरुमध्ये कुन/कुन कार्यक्रम बाहिरी संघ/संस्थाबाट प्रस्ताव माग गरीसञ्चालन गर्ने भनी निर्णय गरी त्यसको कार्यक्षेत्रगत शर्त (ToR) तयार गरी सोबमोजिम मात्र कार्यक्रम सञ्चालन गर्ने प्रतिवद्धता व्यक्त गर्दै एक पटकका लागिउक्त बेरुजु रकम नियमित गर्ने र उक्त बेरुजु रकम सम्परीक्षण गरी बेरुजुको लगतबाटहटाई दिनका लागि श्री महालेखापरीक्षकको कार्यालय, डोर मुकाममा सर्वसम्मत अनुरोधगर्ने।	१०००००
			जम्मा नियमित गर्नुपर्ने बेरुजु	**५३९१५२२**	**सम्परीक्षण गरी फछौंट गर्नुपर्ने जम्मा नियमित गर्नुपर्ने बेरुजु**	**५३९१५२२**

घ. आर्थिक वर्ष २०७७।०७८

क्र. सं.	बेरुजुको दफा	ब.उ. शी.नं.	बेरुजुको छोटकरीव्यहोरा	रकम	फछौंटको छोटकरी व्यहोरा	रकम

कानेपोखरी गाउँपालिकाको १३ औं गाउँ सभा अधिवेशनको पहिलो बैठक (२०७९।०९।१७) को निर्णय प्रमाणित गरेकी छु।

(राजमती इङ्नाम)
सभाध्यक्ष एवम् गाउँपालिका अध्यक्ष

पाना ।।१२।।

CamScanner

मिति २०७९ साल पौष १७ गते दिउँसो १.०० बजे बस्ने गरी आव्हान भएको कानेपोखरी गाउँपालिकाको तेह्रौं गाउँ सभा अधिवेशनको पहिलो बैठकको निर्णय

१	२९		स्थानीय तहमा करारमाजनशक्ति व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७४ विपरीत मासिक डोर, ज्यालादारी वा स्वीकृत दरबन्दीभन्दा बाहिर अन्यरुपमा कर्मचारीहरु राखी तलब, भत्ता वा पारिश्रमिक भुक्तानी गरिएकोले कार्यविधि विपरीत देखिएको।	६४१४९९	स्थानीय सरकार सञ्चालनऐन, २०७४ को दफा ८३ को उपदफा (१०) बमोजिम कानेपोखरी गाउँपालिकाको संगठन तथाव्यवस्थापन सर्वेक्षण प्रतिवेदन कानेपोखरी गाउँपालिकाको आठौं गाउँ सभाबाटस्वीकृत भएको छ। उक्त स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदनमा ६ जनाअसिष्टेण्ट सब इञ्जिनियर पदको दरबन्दी रहेको छ। स्वीकृत ६ वटा पदमध्ये ४ वटा पदलोक सेवा आयोगबाट पूर्ति भैसकेको छ भने २ वटा पद रिक्त रहेको छ। रिक्त स्वीकृतउक्त २ पदमा दैनिक ज्यालादारीमा तोकिए बमोजिम योग्यता पुगेका व्यक्तिहरुलाईसम्बन्धित पदका लागि निर्धारित पारिश्रमिक भुक्तानी गरिएको र उक्त पदमा कार्यरतव्यक्तिहरुलाई सेवा करार मार्फत् व्यवस्थापन गरी कार्य लगाउँदैं आइएकोमा उक्तदुई पदको पुन माग आकृति फारम भरी श्री प्रदेश लोक सेवा आयोगमा लेखी पठाइएकोमास्थायी कर्मचारी सिफारिस भई आए पश्चात् स्वतः अवकाश गर्ने प्रतिवद्धता व्यक्तगर्ने र लगत प्रविष्टकर्ता र सामाजिक परिचालकलाई दैनिक ज्यालादारीमा नियुक्तिकासम्बन्धमा करीब ५ हजारको संख्याका भूमिहिन दलित, भूमिहिन सुकुम्बासी रअव्यवस्थित बसोबासीको लगत संकलनका लागि दैनिक ज्यालादारीमा कर्मचारी बन्दोबस्तगरी लगत संकलन कार्य अघि बढाइएकोमा उक्त कार्यको उपलब्धी स्वरुप करीब १६५ कोसंख्याका लाभग्राहीहरुलाई जग्गा धनी प्रमाण पूर्जा वितरण गर्ने निर्णय समेत भईसकेको हुँदा उक्त कार्य सम्पन्न	६४१४९९

कानेपोखरी गाउँपालिकाको १३ औं गाउँ सभा अधिवेशनको पहिलो बैठक (२०७९।०९।१७) को निर्णय प्रमाणित गरेकी छु।

(राजमती इङ्नाम)
सभाध्यक्ष एवम् गाउँपालिका अध्यक्ष

पाना ।।१४।।

					भए पश्चात् यस किसिमका जनशक्ति स्वतः हट्ने भएकोहुँदा उक्त बेरुजु रकम नियमित गर्ने र उक्त बेरुजु सम्परीक्षण गरी बेरुजुकोअभिलेखबाट हटाई दिन श्री महालेखा परीक्षकको कार्यालय, डोर मुकाममा सर्वसम्मतअनुरोध गर्ने।	
२	३२.१		कार्यालयले कानेपोखरीगाउँपालिकाको कार्य संचालन निर्देशिका 2078 बनाइ उक्त निर्देशिकाको परिच्छेद २मा भएको बैठकको व्यवस्था र कार्यापालिकाको मिति 2077/9/21 को कार्यपालिकाबैठकको विविध 8.16 बैठक भत्ता सम्बन्धि निर्णयलाई आधार मानी कर्मचारीलाई अनुगमनगरी आएर बसेको अनुगमन समितको बैठक भत्ता वा अनुगमन भत्ता वापत भुक्तानी दिएकोसम्बन्धमा संघिय र प्रदेश ऐनमा यस सम्बन्धि व्यवस्था नभएको सम्बन्धमा यकिन हुनुपर्ने।	२०१४५०	प्रतिवेदनमा औल्याइएका कर्मचारीहरुलाईकार्यपालिकाको निर्णय बमोजिम अनुगमन वापत् बैठक र अनुगमन भत्ता उपलब्ध गराइएकोहुँदा अब उप्रान्त यस किसिमको कार्य नदोहोर्याउने प्रतिवद्धता व्यक्त गर्दै एकपटकका लागि उक्त बेरुजु नियमित गर्ने र उक्त बेरुजु सम्परीक्षण गरी लगतबाट कट्टागरी दिनका लागि श्री महालेखा परीक्षकको कार्यालय, डोर मुकाममा सर्वसम्मत अनुरोधगर्ने।	२०१४५०
३	५०		भुल्के मिडिया प्रा.लि.लाई वडामा निःशुल्क स्वास्थ्य शिविर र सचेतना कार्यक्रम संचालन गरी रु.१,००,०००।०० भुक्तानी लेखेकोमा प्रस्तावनामा औषधी खरिद वापत रु ४१००० खर्चराखिएकोमा ४८ जना उपस्थित भएको शिविरमा औषधी वितरण र स्वास्थ्य शिविर सेवाप्रदान गरेको देखिएन साथै एक किसिमको व्यवसायिक कारोबार गर्न अनुमति प्राप्तगरेको फर्मले	१०००००	अन्तिम लेखापरीक्षणप्रतिवेदनले औल्याए बमोजिम अब उप्रान्त जुन किसिमको व्यावसायिक कारोबार गर्नअनुमती प्राप्त गर्ने संस्था हो सोही प्रकृतिको कामका लागि सम्बन्धित अनुमतीप्राप्त संस्थासँग मात्र प्रचलित कानून बमोजिमको कारोबार गर्ने प्रतिवद्धताव्यक्त गर्दै उक्त बेरुजु रकम नियमित गर्ने र उक्त बेरुजु सम्परीक्षण गरी लगतबाटकट्टा गरी दिनका लागि श्री महालेखा परीक्षकको कार्यालय, डोर मुकाममा सर्वसम्मतअनुरोध गर्ने।	१०००००

कानेपोखरी गाउँपालिकाको १३ औं गाउँ सभा अधिवेशनको पहिलो बैठक (२०७९।०९।१७) को निर्णय प्रमाणित गरेकी छु।

(राजमती इङ्नाम)
सभाध्यक्ष एवम् गाउँपालिका अध्यक्ष

पाना ॥१५॥

			अर्को प्रकृतिको कार्य गरेको नियम सम्मत नदेखिएको।			
४	५३		चिसाङ खोलाको खोलाजन्यपदार्थबाट उठेको रकम विद्यालयलाई प्रत्येक वर्ष निःशर्त रुपमा प्रयोजन नखुलाईविल भरपाई नराखी निकासा दिएको नियमित नदेखिएको।	६६००००	चिसाङ खोलाको प्रभावितक्षेत्रमा रहेको श्री रमाइलो बहुमुखी क्याम्पस, श्री माध्यमिक विद्यालय, भौंसाबारी, श्री शिक्षा विकास माध्यमिक विद्यालय, श्री सिंहदेवी माध्यमिकविद्यालय, श्री जनता आधारभूत विद्यालय, श्री मैनावारी आधारभूत विद्यालय, श्रीजनमत आधारभूत विद्यालयको प्रशासनिक सुदृढीकरणका लागि संकलित कर रकमबाट निःशुल्कअनुदान उपलब्ध गराउँदै आइएकोमा आर्थिक वर्ष २०७८/०७९ देखि उक्त चिसाङ खोलाकोखोलाजन्य सामाग्रीको ठेक्का बन्दोबस्त प्रचलित कानून बमोजिम बेलबारीनगरपालिकाबाट हुन थाली सकेको र खोलाजन्य सामाग्री ठेक्का बन्दोबस्तबाट प्राप्तरकम अन्तर सरकारी वित्तीय हस्तान्तरण ऐन तथा प्रदेश सरकारको आर्थिक ऐन बमोजिमबाँडफाँड गर्ने व्यवस्थाको अवलम्बन गर्न थालिएको हुँदा अब उप्रान्त यस व्यवस्थाबमोजिम संकलित कर रकमबाट विद्यालयलाई सोझै रकम उपलब्ध गराउने प्रावधानऔपचारिकरुपमै बन्द भैसकेकाले उक्त बेरुजु रकम एकपटकका लागि नियमित गर्ने र उक्तबेरुजु सम्परीक्षण गरी लगतबाट कट्टा गरी दिनका लागि श्री महालेखा परीक्षककोकार्यालय, डोर मुकाममा सर्वसम्मत अनुरोध गर्ने।	६६००००
५	५४		पथरी नगरपालिकाअन्तर्गत पर्ने पथरी बहुमुखी क्याम्पसलाई ३ थान प्रोजेक्टर खरिद गर्नका लागिआर.एस. कम्प्युटर लाई भुक्तानी लेखेकोमा	१७४०००	कानेपोखरी गाउँपालिकाकोछिमेकमा रहेको पथरी नगरपालिका स्थित पथरी बहुमुखी क्याम्पसमा कानेपोखरीगाउँपालिका क्षेत्रभित्रका. अधिकाँश विद्यार्थीहरुपठनपाठनका लागि	१७४०००

कानेपोखरी गाउँपालिकाको १३ औं गाउँ सभा अधिवेशनको पहिलो बैठक (२०७९।०९।१७) को निर्णय प्रमाणित गरेकी छु।

(राजमती इङ्नाम)
सभाध्यक्ष एवम् गाउँपालिका अध्यक्ष

			गाउँपालिकाले क्षेत्रधिकारभन्दा बाहिरकोक्याम्पसलाई अनुदान गरेको रकम नियम सम्मत नदेखिएको ।		जाने गरेकोमाउक्त विद्यार्थीहरुको अध्ययनमा सहयोग गर्ने हेतु उक्त प्रोजेक्टर श्री पथरीबहुमुखी क्याम्पसलाई सहयोग स्वरुप उपलब्ध गराइएकोमा अब उप्रान्तक्षेत्राधिकारभन्दा बाहिरका शैक्षिक संस्थाहरुलाई अनुदान सहायता उपलब्ध नगराउनेप्रतिवद्धता व्यक्त गर्दै उक्त बेरुजु रकम नियमित गर्ने र उक्त बेरुजुसम्परीक्षण गरी लगतबाट कट्टा गरी दिनका लागि श्री महालेखा परीक्षकको कार्यालय, डोर, मुकाममा सर्वसम्मत अनुरोध गर्ने।	
६	५५		सिएमए, अनमी, सामान्यचिकित्सा, पिसिएल नर्सिङ, आइएस्सी एजी पशु विज्ञान, बाली विज्ञान, जेटिए, सिभिलइञ्जिनियर, सब इञ्जिनियर लगायतका विधामा श्री मदन भण्डारी स्मृति प्रतिष्ठाननेपालमा गाउँपालिका क्षेत्रभित्रका विद्यार्थीहरु अध्ययन गर्ने हुँदा उक्तविद्यार्थीहरुको अध्ययनका लागि उक्त प्रतिष्ठानसँग सम्झौता गरी कार्यपालिकाबैठकबाट निर्णय गरी निःशर्त अनुदानका रुपमा रु. ५,००,०००।०० भुक्तानी गरेकोसम्बन्धमा ऋणको रुपमा विद्यार्थिले प्राप्त गर्ने रकम पुनःउक्त प्रतिष्ठानलाईव्याज सहित चुक्ता गर्नुपर्ने देखिएकोले यस प्रकारको कोषमा निःशर्त अनुदानकारुपमा पालिकाले वर्षको वर्ष अनुदान दिएको	५०००००	गाउँपालिकाक्षेत्रभित्रका सामुदायिक विद्यालयमा कक्षा ११ र १२ मा अध्ययन गर्नेविद्यार्थीहरुलाई भर्ना शुल्क र मासिक शुल्कगाउँपालिकाबाट व्योहोरिने गरी "निःशुल्क शिक्षा, पालिकाको इच्छा" नामकनीति तथा कार्यक्रम र प्राविधिक विधामा उच्च शिक्षा अध्ययन गर्नेविद्यार्थीहरुको अध्ययनमा छात्रवृत्ति लगायत अन्य सहयोग पुर्याउन "प्राविधिक विधामा रोजगारी, कानेपोखरीका छोराछोरी" नामक नीति तथाकार्यक्रम तेह्रौं गाउँ सभा अधिवेशनबाट पारित भई गाउँपालिका क्षेत्रभित्रकाविद्यार्थीहरुलाई उपलब्ध गराइने छात्रवृत्ति लगायतका अन्य सेवासुबिधाहरुलाईव्यवस्थित र पारदर्शी तवरले कार्यान्वयनमा लैजान १२ औं गाउँ सभा अधिवेशनद्वाराकानेपोखरी गाउँपालिकाको छात्रवृत्ति सम्बन्धी ऐन, २०७९ तर्जुमा गरी कार्यान्वयनसमेतमा ल्याई सकिएकाले बेरुजु प्रतिवेदनमा औंल्याइए बमोजिमको व्यवस्था अबउप्रान्त नहुने गरीको कानूनी सुनिश्चतता समेत भइ सकेकाले एक पटकका लागि उक्तबेरुजु	५०००००

कानेपोखरी गाउँपालिकाको १३ औं गाउँ सभा अधिवेशनको पहिलो बैठक (२०७९।०९।१७) को निर्णय प्रमाणित गरेकी छु।

(राजमती इङ्नाम)
सभाध्यक्ष एवम् गाउँपालिका अध्यक्ष

			रकम नियमानुसार नदेखिएको।		रकम नियमित गर्ने र उक्त बेरुजु सम्परीक्षण गरी लगतबाट कट्टा गरी दिनकालागि श्री महालेखा परीक्षकको कार्यालय, डोर मुकाममा सर्वसम्मत अनुरोध गर्ने।	
७	४५६		सशर्त अनुदानको बजेटफरक शीर्षक पारी खर्च गरेकाले सोको समायोजन गरेको प्रमाण पेश नभएकाले नियमितनदेखिएको।	६०५१७५९	सशर्त अनुदान मार्फत्प्राप्त हुन आएका आयोजना तथा कार्यक्रमहरु सम्पन्न भए पश्चात् भुक्तानीका लागिबिल/भर्पाई साथ पेश हुन आउँदा सम्पन्न भएका आयोजना तथा कार्यक्रमको बजेट निकासाप्राप्त भैनसकेको अवस्थामा पछि सम्बन्धित खर्च शीर्षकबाट सोधभर्ना गर्ने गरीतत्कालिन अवस्थामा सशर्त अनुदानकै अन्य शीर्षकबाट सशर्त अनुदानकै सम्पन्न भएकास्वीकृत बजेट तथा कार्यक्रमका लागि खर्च लेखिएको हो। सशर्त अनुदानको रकमचौमासिकरुपमा निकासा हुने परिपाटीले समेत यसो हुन गएकोमा पछि सम्बन्धित खर्चशीर्षकमा समायोजन समेत गरी सकिएकाले अब उप्रान्त अन्तर सरकारी वित्त व्यवस्थापनऐन, २०७४ एवम् एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ अनुसार मात्रखर्च गर्ने प्रतिवद्धता व्यक्त गर्दै समायोजन भएका शीर्षकको सुत्रको प्रति समेतसंलग्न राखी एकपटकका लागि उक्त बेरुजुरकम नियमित गर्ने र उक्त बेरुजु सम्परीक्षण गरी लगतबाट कट्टा गरी दिनकालागि श्री महालेखा परीक्षकको कार्यालय, डोर मुकाममा सर्वसम्मत अनुरोधगर्ने।	६०५१७५९
८	४६७		कानेपोखरी संरक्षणउपभोक्ता समिति मार्फत् भएको कार्यमा २ वटा मूर्ति राख्ने गरी लागत अनुमान तयारभएकोमा उक्त संरचनाको कार्यसम्पन्न	१००००००	कानेपोखरी संरक्षणउपभोक्ता समिति मार्फत् भएको उक्त कार्यमा ढुंगामा कुँदिएको कान आकृतिकोप्रतिमाका लागि रु. ५ लाख मूल्य बराबरको लागत अनुमान भएको कानको मूर्ति र २	१००००००

कानेपोखरी गाउँपालिकाको १३ औं गाउँ सभा अधिवेशनको पहिलो बैठक (२०७९।०९।१७) को निर्णय प्रमाणित गरेकी छु।

(रजिमती इङ्गनाम)
सभाध्यक्ष एवम् गाउँपालिका अध्यक्ष

			प्रतिवेदन बेगर रु.१०,००,०००।०० उक्त उपभोक्ता समितिलाई भुक्तानी भएको नियमसंगत नदेखिएको।		थानहरिणको मूर्तिका लागि रु. ५ लाख मूल्य बराबरको लागत अनुमान भएको मूर्ति उक्तआयोजनास्थलमा जडान गर्ने भनी सम्झौतामा उल्लेख भएकोमा लागत अनुमानमा उल्लिखितदुवै प्रकृतिका संरचना उक्त उपभोक्ता समितिबाट खरिद गरी ल्याइएकोमा तत्कालिनअवस्थामा आयोजनास्थलमा उक्त दुवै संरचनाको सुरक्षाको प्रत्याभूति नभएका कारणजडान नभएकोमा दुवै संरचनाहरु हाल उक्त आयोजनास्थलमा जडान भई सकेको र सोकोकार्यसम्पन्न प्रतिवेदन समेत तयार भई सकेकाले उक्त बेरुजु एक पटकका लागि नियमितगर्ने र उक्त बेरुजु सम्परीक्षण गरी लगतबाट कट्टा गरी दिनका लागि श्री महालेखापरीक्षकको कार्यालय, डोर मुकाममा सर्वसम्मत अनुरोध गर्ने।	
९	७९		कार्यालयलेबजेट व्यवस्थापन भए पश्चात् आवश्यकताको पहिचान गरी एकमुष्ट टेन्डर प्रकृयाबाटऔषधी खरिद गर्नुपर्नेमा ठेक्का नं KRM/SQ/GOODS/02/077/78 बाट सिल कोटेशन विधिमार्फत् SUPPLY OF MEDICINE औषधी खरिदको ठेक्का गरी चिराग फार्मेसीलाई संघीयचालुको गो.भौ.नं. 95 र गाउँपालिका स्वास्थ्य चालुको गो.भौ.नं. 4 बाट रु.7,41,511।०० भुक्तानी गरेपछि पुनः गाउँपालिका स्वास्थ्य चालुबाट रु. 21,65,140।००, गाउँपालिका चालुबाट रु. 6,50,000।००,	४३४४२१३	नेपाल सरकारको सशर्तअनुदान (स्वास्थ्य) बाट उक्त आर्थिक वर्षमा रु. ९,३५,०००।०० बजेट प्राप्त हुनआएकोमा सोही रकमबाट औषधि खरिद गर्न सिलबन्दी दरभाउपत्र मार्फत् खरिद प्रकृया अघिबढाइएकोमा तत्कालिन अवस्थामा कोभिड १९ को संक्रमण बढेको हुँदा गाउँपालिकाकोसीमित स्रोतभित्रबाट विनियोजित औषधि खरिद शीर्षकको रकम (रु.१३,५१,०००।००) लाईपरिस्थिति समेतको विश्लेषण गरी पछि खरिद प्रकृया अघि बढाउन शुरुवाती चरणमा रकमनजोडी सशर्त अनुदान मार्फत् प्राप्त बजेटबाट मात्र औषधिको टेण्डर आव्हानगरिएकोमा स्वास्थ्य संस्थाका लागि आवश्यक पर्ने औषधिको प्रकार र परिमाण बमोजिमपछिल्ला दिनमा औषधि	४३४४२१३

कानेपोखरी गाउँपालिकाको १३ औं गाउँ सभा अधिवेशनको पहिलो बैठक (२०७९।०९।१७) को निर्णय प्रमाणित गरेकी छु।

(राजमती इङ्नाम)
सभाध्यक्ष एवम् गाउँपालिका अध्यक्ष

पाना ।।१९।।

			कोभिड/प्रकोपबाट रु. 10,29,583। ०० र संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम ससर्तबाट रु 4,99,490। ००गरी विभिन्न गो. भौ. नं. र विभिन्न फर्मबाट जम्मा रु. 43,44,213। ०० को औषधिसोझै खरिद गरेको नियमानुसार नदेखिएको।		खरिद गर्दा टुक्राएर खरिद गरेको देखिन गएको हो। चालु आर्थिकवर्षदेखी नेपाल सरकारको सशर्त अनुदानबाट औषधि खरिदका लागि प्राप्त हुन आएको बजेटर गाउँपालिकाले आफ्नो स्रोतबाट औषधि खरिदका लागि विनियोजन गरेको बजेटलाई एउटैबास्केटमा समावेश गरी वर्षभरीका लागि आवश्यक पर्ने औषधिको प्रकार र परिमाणकोविश्लेषण गरी विद्युतीय बोलपत्र आव्हान गरी औषधि गर्नुपर्ने व्यवस्था अङ्गीकारगरी सकिएकाले उक्त बेरुजु एक पटकका लागि नियमित गर्ने र उक्त बेरुजु सम्परीक्षणगरी लगतबाट कट्टा गरी दिनका लागि श्री महालेखा परीक्षकको कार्यालय, डोर मुकाममासर्वसम्मत अनुरोध गर्ने।	
१०	८१		260। 2078/03/25 सशर्तचालु-नफ्स विपरित दई हप्ता वृहत पोषण प्याकेज तथा क्षमता अभिवृद्धि कार्यक्रमसञ्चालन गर्दा रु ५९१३०० खर्च भएकोमा व्यवस्थापन खर्च,हल भाडा खर्च लगायत बढेकोदेखिन्छ । कार्यक्रमको उदेश्यमा उल्लेख भए बमोजिम महिला स्वयंसेविकाहरुलाईकार्यक्रममा सहभागी गराएको देखिदैन। यसरी निर्देशिका विपरीत गरीएको खर्चनियमसंगत नदेखिएको ।	५९१३००	स्वास्थ्य तथा जनसंख्यामन्त्रालयबाट स्वीकृतआर्थिक वर्ष २०७७।०७८ मा सशर्त अनुदानतर्फ स्थानीय तहबाट कार्यान्वयन गरिने स्वास्थ्य तथा जनसंख्या सम्बन्धीकार्यक्रमहरुका लागि सञ्चालन मार्गदर्शनको पोषणखण्डको बजेट बाँडफाँड सम्बन्धी महलको बुँदा नम्बर ५ बमोजिम स्वास्थ्यकर्मीहरुलाई७ दिने वृहत पोषण प्याकेज क्षमता अभिवृद्धि तालिम कार्यक्रम सञ्चालन गर्नुपर्नेर सो कार्यका लागि रु. ६,००,०००।०० बजेट प्राप्त हुन आएको थियो। उक्तमार्गदर्शनको कार्यक्रमको उद्देश्य महलमा स्वास्थ्यकर्मीहरुलाई पोषण सम्बन्धीविषयहरुमा ज्ञान, सीप अभिवृद्धि गरी पोषण कार्यक्रम प्रभावकारी साथ सञ्चालनगर्ने भन्ने व्यवस्था रहेको। गाउँपालिका क्षेत्रभित्रका ३४ जनास्वास्थ्यकर्मीहरुलाई उक्त तालिम दिनुपर्ने अवस्था रहेकोमा एकैपटक सबै	५९१३००

कानेपोखरी गाउँपालिकाको १३ औं गाउँ सभा अधिवेशनको पहिलो बैठक (२०७९।०९।१७) को निर्णय प्रमाणित गरेकी छु।

(राजमती इङ्गनाम)
सभाध्यक्ष एवम् गाउँपालिका अध्यक्ष

पाना ॥२०॥

मिति २०७९ साल पौष १७ गते दिउँसो १.०० बजे बस्ने गरी आव्हान भएको कानेपोखरी गाउँपालिकाको तेह्रौं गाउँ सभा अधिवेशनको पहिलो बैठकको निर्णय

					(३४ जना)स्वास्थ्यकर्मीहरुलाई तालिममा सहभागी गराउँदा स्वास्थ्य संस्था नै बन्दगर्नुपर्ने अवस्था देखिएकोमा दुई चरणमा तालिम कार्यक्रम सञ्चालन गरिएको र बेरुजुप्रतिवेदनमा स्वास्थ्य स्वयंसेविकाहरुलाई सहभागी गराउनुपर्ने भनी उल्लेख भएकोमाउक्त मार्गदर्शनमा सो व्यवस्था नरहेकोले स्वास्थ्य स्वयंसेविकाहरुलाई तालिममासहभागी नगराइएकोले उक्त बेरुजु रकम नियमित गर्ने र सो बेरुजु रकम सम्परीक्षण गरीलगतबाट कट्टा गरी दिनका लागि श्री महालेखा परीक्षकको कार्यालय, डोर मुकाममासर्वसम्मत अनुरोध गर्ने।	
११	८२		एकै व्यक्तिगत फर्म (गणेश कृषि फर्म) लाई वडाको सिफारिस र कृषि शाखाको सिफारिसका आधारमा कार्यपालिकाबैठकमा निर्णय गरी एकभन्दा बढी अनुदान प्रदान गरेको नियम सम्मत नदेखिएको।	९९६५०	एकै व्यक्ति वा फर्मलाईदोहोरो पर्ने गरी कृषि तथा पशु सेवासँग सम्बन्धित वस्तुगत तथा नगद अनुदान उपलब्धनगराउने भनी कार्यपालिकाबाट चालु आर्थिक वर्षमा कार्यविधि समेत पारित गरीकार्यान्वयनमा ल्याई सकिएकाले अब उप्रान्त यस प्रकृतिको कार्य नदोहोर्याउनेप्रतिवद्धता व्यक्त गर्दै उक्त बेरुजु नियमित गर्ने र सो बेरुजु रकम सम्परीक्षणगरी अभिलेखबाट हटाई दिनका लागि श्री महालेखापरीक्षकको कार्यालय, डोर मुकाममासर्वसम्मत अनुरोध गर्ने।	९९६५०
१२	८५		गाउँसभा बजेट अधिवेशनकालागि आवश्यक तयारी गर्न, बजेट तयारी, निर्माण, सुत्र प्रणालीमा प्रविष्ट गर्नेलगायत काम 2078/2/20 गते देखि बेलुकानिरन्तर 8 बजे सम्म गरेको भनी नौ जना कर्मचारीहरुलाई प्रति व्यक्ति रु 20000 कादरले प्रोत्साहन	१८००००	गाउँपालिकाको बजेटतयारी एवम् निर्माण विशुद्ध प्राविधिक कार्य भएको र उक्त कार्य नियमित कार्यालयसमयमा मात्र सम्पन्न गर्न नसकिने देखिएकाले त्यस कार्यमा खटिने जनशक्ति एवम्कर्मचारीहरुलाई कार्यालय समयभन्दा बाहेकको रात्रीकालिन समय समेतमा काममाखटाइएकाले कार्यपालिकाको निर्णयबाट त्यसरी उल्लिखित कार्यमा	१८००००

कानेपोखरी गाउँपालिकाको १३ औं गाउँ सभा अधिवेशनको पहिलो बैठक (२०७९।०९।१७) को निर्णय प्रमाणित गरेकी छु।

(राजमती इङ्नाम)
सभाध्यक्ष एवम् गाउँपालिका अध्यक्ष

पाना ॥२१॥

मिति २०७९ साल पौष १७ गते दिउँसो १.०० बजे बस्ने गरी आव्हान भएको कानेपोखरी गाउँपालिकाको तेह्रौं गाउँ सभा अधिवेशनको पहिलो बैठकको निर्णय

			स्वरुप भुक्तानी दिने निर्णय गरी भुक्तानी दिएकोमा अर्थमन्त्रालयको कार्यसंचालन निर्देशिका 2073 मा व्यवस्था नै नभएको कार्यका लागिनिर्णय गरी भुक्तानी दिएको कानुनी आधार पेश नभएको।		खटिनेकर्मचारीहरुलाई प्रोत्साहन स्वरुप प्रति व्यक्ति रु. २० हजारका दरले प्रोत्साहनभत्ता उपलब्ध गराइएको हुँदा अब उप्रान्त मापदण्ड बमोजिम मात्र यस किसिमकाखर्चहरु गर्ने प्रतिवद्धता व्यक्त गर्दै उक्त बेरुजु रकम नियमित गर्ने र उक्तबेरुजु रकम सम्परीक्षण गरी लगतबाट कट्टा गर्न श्री महालेखापरीक्षकको कार्यालय, डोर मुकाममा सर्वसम्मत अनुरोध गर्ने।	
१३	८७		न्यायिक समितिकाकर्मचारी श्री डम्बरु प्रसाद खरेलले बैठक भत्ता वापत बुझेको रकमको कानूनी आधारपेश हुनुपर्ने।	२२९५०	न्यायिक समितिकाकर्मचारी श्री डम्बरु प्रसाद खरेलले बैठक भत्ता र खाजा खर्च वापत बुझेको भत्ताअसुल भई सकेको हुँदा उक्त उक्त बेरुजु रकम सम्परीक्षण गरी लगतबाट कट्टा गर्नश्री महालेखापरीक्षकको कार्यालय, डोर मुकाममा सर्वसम्मत अनुरोध गर्ने।	२२९५०
१४	८९		कर्मचारी प्रोत्साहनभत्ताः स्थानीय तहले कानुन नबनाई यो वर्ष कार्यालयमा अतिरिक्त काम गरे वापतटिप्पणी उठाई मिति 2077 श्रावणदेखि 2078 अषाढसम्म काम र अतिरिक्त समयको आधारमा 7 देखि 14 जना कर्मचारीलाई शुरु तलब स्केलको 50 देखि 75 प्रतिशत रकममा 15 प्रतिशतपारिश्रमिक कर काटी प्रोत्साहन भत्ता स्वरुप खर्च गरेको कारण आर्थिक व्ययभारबढ्न गएको।	१४१६१५९	कोभिड १९ को संक्रमणकोरोकथाम तथा नियन्त्रणमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन्न आदेश, २०७७बमोजिम कोभिड १९ को संक्रमण रोकथाम तथा नियन्त्रणमा पहिलों पङ्तिमा खटिएका मेडिकलअधिकृत, स्टाफ नर्स, हेल्थ असिष्टेण्ट लगायतका स्वास्थ्यकर्मीहरुको मनोबल उच्चराख्न उक्त आदेशले व्यवस्था गरे बमोजिमको रकम राजस्व बाँडफाँड वापतको रकमबाटप्रोत्साहन स्वरुप उपलब्ध गराइएको तथा उक्त समयमा कोभिड १९ को संक्रमण रोकथामतथा नियन्त्रणको व्यवस्थापकीय कार्य एवम् कार्यालय समयभन्दा बाहेकको समयमाखटिएका कर्मचारीहरुको मनोबल उच्च राख्न कार्यपालिकाको निर्णय बमोजिम १५ प्रतिशतपारिश्रमिक कर कट्टी गरी प्रोत्साहन रकम उपलब्ध गराइएकोमा	१४१६१५९

कानेपोखरी गाउँपालिकाको १३ औं गाउँ सभा अधिवेशनको पहिलो बैठक (२०७९।०९।१७) को निर्णय प्रमाणित गरेकी छु।

(राजमती इङ्नाम)
सभाध्यक्ष एवम् गाउँपालिका अध्यक्ष

पाना ।।२२।।

					अब उप्रान्त मापदण्डबमोजिम मात्र यस्ता किसिमका खर्चहरुलाई व्यवस्थित गरिने प्रतिवद्धता व्यक्तगर्दै एक पटकका लागि उक्त बेरुजु रकम नियमित गर्ने र उक्त बेरुजु रकम सम्परीक्षणगरी लगतबाट कट्टा गरी दिन श्री महालेखापरीक्षकको कार्यालय, डोर मुकाममासर्वसम्मत अनुरोध गर्ने।	
			जम्मा नियमित गर्नुपर्ने बेरुजु	१५९८२९८०	सम्परीक्षण गरी फछ्यौट गर्नुपर्ने जम्मा नियमित गर्नुपर्ने बेरुजु	१५९८२९८०

ङ. आर्थिक वर्ष २०७३।०७४

श्री महालेखापरीक्षकको कार्यालयबाट जारी अन्तिम लेखापरीक्षण प्रतिवेदन (आर्थिक वर्ष २०७३।०७४) मा कानेपोखरी गाउँपालिकाको लागि रु. १२,२७,३३०।०० बेरुजु (नियमित, प्रमाण कागजात पेश गर्ने र असुल उपर सहित) देखिएकोमा आर्थिक वर्ष २०७४।०७५ को श्री महालेखापरीक्षकको कार्यालयबाट जारी अन्तिम लेखापरीक्षण प्रतिवेदनमा कानेपोखरी गाउँपालिकाको लागि अघिल्लो आर्थिक वर्ष (२०७३।०७४) सम्म रु.४९,७७,०००।०० बेरुजु कायम भएको भनी प्रतिवेदनमा उल्लेख भएको हुँदा अघिल्लो आर्थिक वर्ष (२०७३।०७४) मा उल्लिखित बेरुजु रकम र पछिल्लो आर्थिक वर्ष (२०७४।७५) मा उल्लेख भएको बेरुजु रकमको फरक रकम रु. ३७,४९,६७०।०० बेरुजु रकम बेरुजुको लगतबाट हटाई सम्परीक्षण गरी दिनका लागि श्री महालेखापरीक्षकको कार्यालयमा सर्वसम्मत अनुरोध गर्ने।

निर्णय नं.(२)

प्रस्ताव एवम् कार्यसूची नम्बर (२) माथि छलफल गर्दा प्रदेश नं. १ को प्रदेश सभाद्वारा पारित **गाउँ सभा र नगर सभा सञ्चालन कार्यविधि ऐन, २०७५** को दफा ३६ बमोजिम गठित कानेपोखरी गाउँपालिकाको गाउँ सभा मातहतको अर्थ तथा सार्वजनिक लेखा समितिको विभिन्न मितिमा बसेको बैठकमा दफावार छलफल भई कानेपोखरी गाउँ कार्यपालिकाको मिति २०७९।०९।१६ गते बसेको बैठक (बैठक संख्या २/१७/२०७९/०८०) समेतले निर्णय गरी सभा समक्ष स्वीकृतीका लागि पेश हुन आएको कानेपोखरी गाउँपालिकाको आर्थिक वर्ष २०७३।०७४, आर्थिक वर्ष २०७४।०७५, आर्थिक वर्ष २०७५।०७६, आर्थिक वर्ष २०७६।०७७ र आर्थिक वर्ष २०७७।०७८ को लागि श्री महालेखापरीक्षकको कार्यालयले औंल्याएको **प्रमाण कागजात पेश गर्नुपर्ने प्रकृतिका बेरुजुका** सम्बन्धित दफाहरु उपर सभाको बैठकमा

कानेपोखरी गाउँपालिकाको १३ औं गाउँ सभा अधिवेशनको पहिलो बैठक (२०७९।०९।१७) को निर्णय प्रमाणित गरेकी छु।

(राजमती इङ्नाम)
सभाध्यक्ष एवम् गाउँपालिका अध्यक्ष

पाना ॥२३॥

दफावार छलफल भयो र उक्त प्रमाण कागजात पेश गर्नुपर्ने बेरुजुका सम्बन्धमा अर्थ तथा सार्वजनिक लेखा समिति, गाउँ कार्यपालिका हुँदै सभा समक्ष समेत पेश हुन आएको देहायमा उल्लिखित प्रमाण समेतका आधारमा उक्त बेरुजुहरु लगतबाट हटाई सम्परीक्षण गरी दिनका लागि श्री महालेखापरीक्षकको कार्यालयमा अनुरोध गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

क. आर्थिक वर्ष २०७५।०७६

क्र. सं.	बेरुजुको दफा	ब.उ. शी.नं.	बेरुजुको छोटकरीव्यहोरा	रकम	फछौंटको छोटकरी व्यहोरा	रकम
१	१७		आयकर ऐन, २०५८ अनुसार उपभोक्ताको विलबाठ कट्टा भएको बहाल कर रु २५६९४९/- संघिय सचित कोषमा दाखिला गर्नु पर्नेमा स्थानीय संचित कोषमा दाखिलाभएकोले संघिय संचितकोषमा दाखिला हुनु पर्ने।	२५६९४९	बेरुजु प्रतिवेदनले औंल्याए बमोजिमको रकम संघीय सञ्चित कोषमा दाखिला गरिएको संलग्न प्रमाण समेतका आधारमा उक्त बेरुजु लगतबाट कट्टा गरी सम्परीक्षण गरी दिनका लागि श्री महालेखापरीक्षकको कार्यालयमा सर्वसम्मत अनुरोध गर्ने।	२५६९४९
२	४२		कागजात पेश नभएकोः गाउँपालिकाले गत वर्षको सम्झौता वमोजिम देहायका उपभोक्ता समिति तथा ठेक्काद्वारा भएको कार्यहरुको भुक्तानी गर्दा ठेक्का फाईल, मुल्यांकन कागजात, लागत इस्टिमेट, सम्झौता लगायतका कागजात संलग्न नभएकोले एकिन गर्न नसकिएको रु.	४८६१४९७	बेरुजु प्रतिवेदनमा औंल्याइए बमोजिम कानेपोखरी शुक्रबारे विहीबारे कृषि सडक स्तरोन्नती तथा कालोपत्रे उपभोक्ता समितिसँग सम्बन्धित सक्कलै कागजात सहितको फायल पेश गर्दै (लक्की निर्माण सेवा बाहेक र रावा निर्माण बाहेक) उक्त बेरुजु लगतबाट कट्टा गरी सम्परीक्षण गरी दिनका लागि श्री	१५३४०००

गोभौन	विवरण	निर्माण गर्ने	रकम
७	कानेपोखरी शुक्रबारे विहिबारे कृषि सडक कालोपत्रे	उपभोक्ता समिति	१५३४०००

कानेपोखरी गाउँपालिकाको १३ औं गाउँ सभा अधिवेशनको पहिलो बैठक (२०७९।०९।१७) को निर्णय प्रमाणित गरेकी छु।

(राजमती इङ्नाम)
सभाध्यक्ष एवम् गाउँपालिका अध्यक्ष

			६	वडा नं ३ घेरबारा तथा सडक निर्माण	लक्ष्मी कन्स्ट्रक्सन एण्ड इञ्जिनियरिङ	८२९५३२		महालेखापरीक्षकको कार्यालयमा सर्वसम्मत अनुरोध गर्ने।	
			३३, ४७	होक्लाबारी सडक कालोपत्रे	रावा निर्माण सेवा	२४९७९६५			
३	६०		वढी भुक्तानीः २-०७५।५।२७ आर्थिक कार्यविधि नियमावलीङ २०६४ को नियम ३६ मा सरकारी रकम खर्च सम्बन्धि कार्यविधि उल्लेख गरिएको छ। सार्वजनिक निकायले कुनै पनि रकम खर्च गर्दा स्वीकृत कार्यक्रम वमोजिम खर्च गर्नुपर्ने देखिन्छ । गाउँपालिका अन्तर्गत एक मात्र वर्थिङ सेन्टर रहेको र २४ सै घण्टा नर्सिङ सेवा प्रदान गरे वापत एक जना अ.न.मी.को रु. २२१७०।— तलव भत्ता खर्च लेखुपर्नेमा कार्यालयले ३०,०००।— खर्च लेखेकोले वढी खर्च लेखेको रकम रु.७८८३।— लें १३ महिनाको रु. १०१७९०।— संघिय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने	१०७०९०	बेरुजु प्रतिवेदनमा औंल्याइए बमोजिमको बेरुजु रकम संघीय सञ्चित कोषमा दाखिला भएको संलग्न भौचर समेतका आधारमा उक्त बेरुजु रकम लगतबाट कट्टा गरी सम्परीक्षण गरी दिनका लागि श्री महालेखापरीक्षकको कार्यालयमा सर्वसम्मत अनुरोध गर्ने।	१०७०९०
४	६९		कन्टिजेन्सि रकमः- कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७५।०७६ अनुसार विद्यालयलाई अनुदान जाने रकममा पूर्ण रुपमा विद्यालयलाई निकासा गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले कन्टिजेन्सि कट्टा गरी निकासा दिएकोले कन्टिजेन्सि कट्टा रकम संघिय संचित कोषमा फिर्ता प्रमाण पेश गर्नुपर्ने रु.	८४०००	बेरुजु प्रतिवेदनमा औंल्याइए बमोजिमको बेरुजु रकम संघीय सञ्चित कोषमा दाखिला भएको संलग्न भौचर समेतका आधारमा उक्त बेरुजु रकम लगतबाट कट्टा गरी सम्परीक्षण गरी दिनका लागि श्री महालेखापरीक्षकको कार्यालयमा सर्वसम्मत अनुरोध गर्ने।	८४०००
५	७९		कृष्ण गृलः- (१।२०७६।२।१६) कार्यालयले झोलुङे पुल निर्माणका लागि आवश्यक स्टिल पार्ट खरिदको लागि ठेक्का सम्झौता गरी रू. ४,००,०००।— पेश्की रकम भुक्तानी गरेकोमा सम्बन्धित पार्टिले समयमै कार्य नगरेको भनी कार्यालयले ठेक्का तोडेको पाइयो । ठेक्का तोडी	४०००००	बेरुजु प्रतिवेदनमा औंल्याइए बमोजिमको बेरुजु रकम संघीय सञ्चित कोषमा दाखिला भएको संलग्न भौचर समेतका आधारमा उक्त बेरुजु रकम लगतबाट	४०००००

कानेपोखरी गाउँपालिकाको १३ औं गाउँ सभा अधिवेशनको पहिलो बैठक (२०७९।०९।१७) को निर्णय प्रमाणित गरेकी छु।

(राजमती इङ्नाम)
सभाध्यक्ष एवम् गाउँपालिका अध्यक्ष

पाना ।।१५।।

मिति २०७९ साल पौष १७ गते दिउँसो १.०० बजे बस्ने गरी आव्हान भएको कानेपोखरी गाउँपालिकाको तेह्रौं गाउँ सभा अधिवेशनको पहिलो बैठकको निर्णय

			सकेपछी पेश्की रकम वैंक ग्यारेन्टीवाट असुल गरी स्थानिय संचित कोषमा आम्दानी बाँधेकोले संघिय संचित कोषमा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.		कट्टा गरी सम्परीक्षण गरी दिनका लागि श्री महालेखापरीक्षकको कार्यालयमा सर्वसम्मत अनुरोध गर्ने।	
